Vol. 9, No. 1, 2023 (May) 109–112 (**non-peer reviewed article**)
**The Journal of Knowledge and Innovation**

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# विश्व शिक्षणका गुरुको रुपमा नेपाल र भारत

**बाबुराम तिमल्सिना**
नेपाली, नेपाली शिक्षा र पत्रकारिता विषय शिक्षण विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर

## सारलेख

शिक्षा दिने मन्त्रदिने, जन्मदिने, विवाह गरी छोरी दिने शिक्षक हुन् ।यस्तो मान्यता नेपाल र भारतले राख्दछ । विश्वलाई यस्तै उपदेश दिन्छन् । यी उल्लेख्य व्यक्तित्वबाट जीवनभर शिक्षा पाइन्छ । यिनीहरूले ज्ञान बाँड्छन् । अनुशासित र आचारवान् बन्न र बनाउन सिकाउँछन् । जे जोबाट सिक्छ ,सिकिन्छ शिक्षा त्यही हो । यसले आफ्नो जरा खोज्छ । सभ्यताको मूल थलो वेदमा लगेर जोड्दछ । वेद ज्ञानको ढिक्को, ढिम्को, ढिस्को, कुइनेटो हो । यो विज्ञान हो । यसका गर्भमा विज्ञानका फाल्साफाल्सा लुकेर रहेका छन् । अविद्याले भौतिक सुख हुन्छ । विद्याबाट अमृतत्व पाइन्छ । शुक्लयजुर्वेद. अ.३९ मन्त्र १४ले भन्छ अविद्ययामृत्युन्तीत्वा विद्ययामृतमश्नुते । मान्छे त्यसै स्वतः शिक्षित बन्दैन । मानिस पशुसरह व्यवहार गर्दागर्दै विस्तारै आमा बावु र गुरुहरूद्वारा मौखिक या मानसिक खाली कागज जस्तो दिमागमा ज्ञानको भण्डार भरिएको शिक्षा पाउदै गएपछि मात्र मान्छे शिक्षित बन्छ । शिक्षित भएपछि शिक्षक बन्छ । विद्याविहीन पशु भनिन्छ । विद्याको अर्थ ज्ञान हो , अविद्या अज्ञान हो । ज्ञानी हुनेले ज्ञान पाएपछि, शिक्षा दिनेले दिएपछि ,शिक्षा लिनेले लिएपछि मात्र शिक्षण हुन्छ । यो दिने र लिने बीचको सौदा या व्यपार हो । हो यो विक्रेता र क्रेता बीचको बजार व्यवस्था हो । शिक्षणले मानिसलाई नियम, नीति, सीप सिकाएर यो गर्न हुने यो गर्न नहुनेको नीतिले बाँध्ने गर्छ । व्यवहारिक, व्यवसायिक, सीपले र कलायुक्त ज्ञानले सामाजिक प्राणी बनाउँछ । आनीबानीमा परिवर्तन गरिदिन्छ । स्वभाव र प्रवृत्तिमा सुध्रिने , सुधार्ने मौका जुटाई दिन्छ । शिक्षणले विशद महान र उत्तम भावना प्रज्वलित गराउँछ । विद्याव्यसनी र निष्ठावान् बनाउँछ । अञ्चल, जनपद , भूगोलले, राजनीति, अर्थनीति, धार्मिक जातीय, पारिवारिक कर्तव्यको बोध पनि शिक्षणबाटै हुन्छ । प्राकृतिक, परिस्थितिक, प्रातस्मरणीय चिन्तक, लोकमान्य , लोकविश्वास, वित्तव्यवसायको संरक्षण, सम्बध्र्दनको रक्षागर्ने सीपको जानकारी शिक्षणबाटै पाउँदछ । धर्म, चाडवाड, मेला मठ, मन्दिर ,मस्जिद,गुम्वा, गिर्जाघरको उत्खनन् परिचय, सूचनाहरूका तालिकाको कार्य र ज्ञान गर्न सक्दछ । ज्ञान–विज्ञान, जल,जमिन, खगोल, मौसम, इत्यादि बारे नयाँ धारण र नयाँ चिन्तन गर्ने पद्धति शिक्षणले सिकाउँछ । आत्मा परमात्मा, ईश्वरलाई अलगअलग व्याख्या र विश्लेषण गरी जीवलाई आजाद गर्ने सीप शिक्षणबाट हुन्छ । शिक्षित र सभ्य मानिस सुसंस्कृत हुन्छ भन्ने मान्यता थाहाँ पाउँछ । वेदका ऋचा मन्त्रबाट उदात्त अनुदात्त र स्थरितबाट शिक्षाको प्रार्दुभाव भयो भन्ने थाहा पाउँदछ । । ऋचाको शिक्षण हजारौं हजार वर्षदेखि हुदै आयो । सुनेका भरमा शिक्षण गरिदा वेद श्रुति कहलियो । सम्झेका कुराहरूको टिपोट र नोट स्मृति भए । श्रुति स्मृतिहरूमा तर्क शक्ति, विचार निर्माण गर्ने क्षमताको अभिवृद्धि, भावना र कल्पनाको स्वभावमा लहरिने सीप ज्ञान विज्ञानको छेलोखेलोपन आदि लदबदे रसिलो ज्ञान हुन्छ । यी सवै दर्शनलाई एकबाट अर्कोमा पुर्याउने साधन शिक्षक हुन । पुस्तकालय वाचनालय, अभिलेखिकृत, श्रोतकेन्द्र, श्रव्यदृष्य, आदि विद्युतीय सामग्रीको माध्यमले प्राविधिक विचारहरूको प्रक्षेपण शिक्षकले शिक्षार्थीमा गर्छ । माईक्रोफिल्म, कम्प्युटर, इन्टरनेट, डिजिटल पुस्तकालय, इपुस्तकालय, भच्र्युअललाईब्रेरी,आदिले पनि ज्ञान र विचारको ओसार पसार गर्छन् । एफ.डब्लुलुका अनुसार शिक्षक कक्षामा पस्नु पूर्व नै विद्यार्थीमा ज्ञानप्रतिको प्रेम र मोह जाग्न जगाउन सक्नुपर्दछ । भोलि शिक्षण गर्ने शिक्षक कक्षा नछुटोस भन्ने भाव विद्यार्थीमा जाग्नु पर्दछ । यस्तो सिकाईले ज्ञानलाई सम्वध्र्दन र पथ प्रदर्शन गर्दछ । प्राचीन र आधुनिक परिपेक्ष्यमा ज्ञान र प्रविधिको कुन्जी नेपाल र भारत का शास्त्र्, ग्रन्थ्, पुस्तक, पुस्तिकामा कैद भएका छन ।

**शब्दकुञ्जी:**
अधिगम, कार्यान्वयन, अनुभव, ज्ञान,कौशल, पारिस्थितिक, प्रविधि, शिक्षा ।

**Article information**
Manuscript received: Apri 12, 2023
DOI https://doi.org/10.3126/jki.v9i1.54733
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## समस्या कथन

१. भाषाको शिक्षण गर्दा नेपाल र भारतलाई विश्वले किन गुरु भनेर स्वीकारिएको हो ?
२. भाषा शिक्षण भनेको के हो ?
३. भाषा शिक्षण गर्दा अपनाईने प्रविधिहरू के के हुन ?
४ गुरु कस्तोलाई भनिन्छ ?

## पूर्वकार्यको समीक्षा

सिकाई सम्बन्धी पूर्व विज्ञका भनाईहरू :– शिक्षा सम्वन्धी धेरैले यो लेख तयार पार्नु भन्दा पूर्व शिक्षण सम्बन्धी विभिन्न विद्वान्ले निम्नानुसार कलम चलाएका छन् साथै विभिन्न आधारबाट अर्थ्याउने प्रयास गरेका छन् । ती निम्न छन् :

**हेनरी सिंसल वाईल्डले:** युनिभर्सल डिक्सनरी अफ ईङ्लिस ल्याङवेजमा लेख्दछन् :– अध्ययन कौशल, अनुभव, ज्ञान आदि शिशुको ईक्षुत्व र( – शिशुइक्षुत्व)का लागि निर्देशन दिनु शिक्षण हो ।

कुनै विषयमा ज्ञानको कौशलतालाई अरुमा प्रदान गर्ने कला शिक्षण हो । To give instruction to guide or import knowledge, experience, skill to teach children apprentices to give instruction to bring one to a knowledge of or skill in a subject. (.भाषा विज्ञानका रसायन, २००६: ५५५) । (आर.पी.रस्तोगी शिक्षण शिल्पविज्ञानबाट साभार)

**डव्लु.एम.रामवर्न:** बालकको सबै शक्ति विकास गर्नमा योगदान दिने कारक तत्व नै शिक्षण हो ।

**वैन:** सिकाई तात्पर्य हो । मान्छेका लागि सिक्ने क्षमता विकासको सशक्त पर्याय शिक्षण हो । मनुष्यको सिकाईंमा जाँगर र जागरुक्ताको बोध सिकाइबाटै पाइन्छ । पृष्ठभूमि तयार भएपछि ज्ञान चारै दिशाबाट पाइन्छ ।

**एम.एल.विगका अनुसार:** वास्तविक शिक्षण ज्ञान प्रदान गर्नु मात्र होईन , अपितु विचारद्धारा आन्तरिक अनुशासन र संकल्पको अभिव्यक्ति गराउनसंग सम्वन्धित हुन्छ । विद्यार्थीमा ज्ञानको निर्माण त्यस्ता विचारबाट मात्र हुन्छ , जो दिने गरिन्छ ।

अतः शिक्षण समस्त मनोवैज्ञानिक प्रक्रिया हो । यो मनोविज्ञानको सिद्धान्तमा आधारित छ ।

टेक्निसियन आफ्नो मसिनमा काम गर्छन् , उसमा रागात्मक सम्वन्ध हुदैन । शिक्षकले शिक्षण गर्दा विद्यार्थीमा मसिनवालाले मसिनमा काम गरे जस्तो मात्र हुँदैन ।यसको उल्टो शिक्षक शिक्षा सिल्पिहरूको कलाकौशलद्धारा शिक्षण गर्ने पाठ्य विषयमा रागात्मक सम्बन्ध जगाउन सक्नु पर्दछ । ठीक समयमा ठीक चिन्तन, ठीक समयमा ठीक कौशलको सिर्जना गर्नु, गुरु, अध्यापक, प्राध्यापक, शिक्षक र कुलपतिसम्मले विद्यार्थी वा शिक्षार्थीमा सही विचार र यथार्थ वस्तुपरक ज्ञानसीप प्रस्तुत गर्दछ , भने त्यसको परिणाम नतिजा र विकास पनि सही र प्रमाणिक नै हुन्छ ।

## १. शिक्षाको व्यूत्पत्ति

शिक्षा व्याकरणको आधारमा स्त्रीलिङ्गी शव्द हो । यसको उत्पत्ति शिक्ष् धातुबाट भएको हो । उपदेश दिने पढाउने वा सिकाउने काम, वेदको अङ्ग वर्णोचारण आदिले दिन्छ । शिक्षा दिने प्राचीन शास्त्र वेदाङ्गमा पहिलो स्थान पनि शिक्षाले पाएकोछ । स्वर, व्यञ्जन र तिनको उच्चारण सम्वन्धी शिक्षा दिने विद्या शिक्षा हो । शिक्षाको ६ अङ्गहरू छन् । ती, वर्ण, स्वर, मात्रा, बल, साम र सन्तान आदि छ अङ्ग हुन् । अक्षरलाई वर्ण भनिन्छ । पाणिनिको शिक्षा अनुसार वर्णको संख्या ६४ छ । यी सबै मनुष्यको ज्ञानलाई सम्वर्दन गर्ने साधनहरू हुन । भतृहरीले "नीति शतक"बाट विद्याविहीन पशुभि समान .भनेका छन्( व्यत्पत्तिमूलक संस्कृत नेपाली शब्दकोश, २०७४:१२०६) । अग्रेजीले Education भन्दछ ।

*Education is an act of teaching or act of training.
*To educate to bring up torise educere.
*To ducurer to bring forth to leadout.

Education यो ल्याटिन भाषाको तीनवटा शब्दबाट बनेको शब्द हो ।

**औचित्य**

भाषा शिक्षणको विधि अरु विषयभन्दा भिन्न छ । यसको शिक्षण गर्ने क्षेत्र र कला विशद र व्यापक छ । अरु विषयमा एउटै लक्ष्य र उद्देश्यको पृष्ठपोषण गरिएको हुन्छ । यसमा बालक वा सिक्न चाहने र अन्य सिक्ने जो कोहीले पनि ज्ञानार्जन गर्दछ र आफूले सिकेका कुरा अरुमा सिकाउदछ । अनुभवलाई अरुसम्म पुर्याउने माध्यम सिकाई हो । सांवेगिक, बौद्धिक र साँस्कृतिक उत्कर्षको आधार भाषा शक्तिको अभाव, भावात्मक प्रतिरोध, विचार शून्यता मानसिक विक्षिप्तता र कलात्मक जडताको प्रमुख कारण हो । भाषा शिक्षणलाई प्रभावकारी बनाउनका लागि भाषा शिक्षण सम्वन्धी विविध विषय युक्ति, प्रणाली, नवीन प्रयोगको जानकारी राख्नु पर्ने भएकाले यसको अध्ययन .....औचित्यपूर्ण छ ।

## २. शिक्षण विधि

पढाउने तौर तरिकालाई शिक्षण विधि भनिन्छ । पाठ्य पुस्तक, कसैकसैका भनाई र अन्तर्वार्ता कक्षागत छलफल, पाठ्यक्रममा राखेका पाठको अध्ययन अध्यापनलाई शिक्षण विधि मानिएको छ । कसैले विधिलाई पेडागोजी पनि भन्दछन् । शिक्षकले शिक्षण गर्दा पाठ्यवस्तुको प्रस्तुतीकरण निगमात्मक ,आगमनात्मक, वर्णनात्मक व्याख्यात्मक, प्रश्नोत्तरात्मक तालिका विशेषका,आधारमा गोजी पात्रो, शब्दपत्ति, कम्प्युटर, ल्यापटप, प्रोजेक्टरका सहयोगले विद्यार्थीसम्म ज्ञान पुर्याउन अपनाउने गरिन्छ । हाउभाउ, कटाक्ष, संकेतहरू,अभिनयआदि यस्ता अनेकौं शैलीहरू अपनाउने गर्दछन् यी सवै शिक्षण सिकाइका विधि र माध्यम हुन् ।

यसैलाई teaching methods पनि भन्दछन् । Teaching methods is a style of the persentation of content in the class room. विधि एउटा शिक्षकबाट विद्यार्थीमा पुर्याउने एक व्यापक प्रत्यय हो । यसैलाई अग्रेजीले Method भन्यो । हिन्दीले रुपान्तरण भन्दछ । यसैलाई नेपालीले शिक्षण शिकाइ गरिने गोरेटो, घोरेटो,डोरेटो रस्ता बाटो या माध्यम भन्छ । अर्को शब्दमा Mode या way पनि भन्ने गरिन्छ । शिक्षण विधिको उदेश्य पाठ्यवस्तुमा सिक्नेले अधिकार प्राप्त गर्नु हो । यसको पूर्ति विभिन्न शिक्षण प्रविधि र पेडागोजीबाट उच्च शिक्षा, माध्यमिक ,निम्न माध्यमिक, आधारभूत विद्यालय, गुरुकूलहरू, बालशिक्षा, प्राथमिक तहका विद्यार्थीमा शैक्षणिक ज्ञान हस्तान्तरण गरिएको हुन्छ ।

## २.१ शिक्षण प्रविधि

नयाँनयाँ तकनिकी प्रयोग गरी प्रविधिको दुईवटा हाँगाबाट विवेचना गर्न सकिन्छ । पढाउने तरिकालाई शिक्षण विधि भनिन्छ । कक्षामा शिक्षक पस्नासाथ श्रोताहरूको ध्यान प्रशिक्षकले के भन्नु हुन्छ ? कसरी भन्नु हुने हो ? कुन अनौठो र आश्चर्यजनक कुरा लिएर गुरु आज आउनु हुंदैछ ? कस्तो अनौठो सामाग्री पाइने हो ? कस्ता कस्ता नयाँ औजार र उपकरण आज आउने हुन् ? ती उपकरणहरुको नयाँ प्रयोग गुरुले कुन प्रविधिबाट कसरी गर्ने हुन् ? त्यसबाट हामीले कस्तो ज्ञान, व्यवसाय,उद्यमशीलता सीप सिक्न पाइने हो ? दैनिक गरिने अभिनय भन्दा कक्षा प्रवेश गर्नासाथ भिन्न पाठ्य सामग्री र त्यसको प्रस्तुतीकरणको शैली , भाषा शिक्षणको माध्यम हो भन्ने गरिन्छ । (Teaching methods is a style of the presentation of content in the class room ).

**विधि र प्रत्यय**

विधिलाई एक व्यापक प्रत्यय पनि भनिन्छ । प्रत्ययको अर्थ कक्षा कोठामा शिक्षकले प्रतिभा शक्तिद्वारा ज्ञान बाड्ने साधनलाई भनिछ (ने० बृ० श० २०४०,८७४) हो । प्रत्ययका समर्थकहरू प्लेटो,बर्क र हेगेल आदि हुन् । ज्ञानमीमांसाले प्रत्यवादलाई ज्ञाता र ज्ञेयको अभिन्न अङ्ग मान्दछ । यहाँ ज्ञाताले थाहाँ पाउने र जान्ने वर्ग भन्ने बुझाउँदछ । ज्ञेयले जान्नु पर्ने भन्ने

बुझिन्छ ( भारतीय दर्शन एवं पाश्चात्य दर्शन, २००६: २१२)। प्रत्यय अंग्रेजी मेथडको रुपान्तरण हो । यस्लाई सिकाउने मार्ग रस्ता वा गोरेटो भनिन्छ । शिक्षण विधिले पाठ्यवस्तु, पाठ्य सामग्रीको माध्यमबाट सिक्नेले आफ्नो अधिकार प्राप्त गर्नु भन्ने हो । यसको पूर्ति विभिन्न शिक्षण प्रविधि वा कोर्स प्लानबाट उद्देश्य झल्केपछि विद्यार्थीहरू वा सिक्नेहरू जो कोहीले ज्ञान र सीप प्राप्त गर्न सक्दछन् ।

## २.२ शिक्षणमा प्रविधि

कक्षामा शिक्षणको सफलता उपयुक्त प्रविधिको खोज गरी सिकाउनेले कक्षामा प्रयोग विद्यार्थीको मनोभाव बुझेर श्रव्य–दृश्यको माध्यमबाट शिक्षण गर्दा सफल सिकाई हुन्छ । यसबाट पाठ्यक्रममा राखिएका पाठ्यवस्तुलाई उपकरणका उदाहरणबाट स्पष्ट गरिन्छ । यसले सिक्ने वर्गमा उत्साह पैदा हुन्छ । सिक्नु पर्ने रहेछ भनेर प्रेरित हुन्छ ।उत्सुकता पैदा हुन्छ । अधिगम प्राप्तिका लागि सिक्ने तयार हुन्छ । तथापि यो सम्पूर्ण शिक्षण प्रविधिको समष्टि रुपको समूह हो । आवश्यक्ता अनुसार कक्षा अवलोकन भ्रमण शिक्षणमा प्रयोग गर्नु पर्दछ । अलग पाठ्यवस्तुमा अलग–अलग शिक्षण प्रविधिको कार्यन्वयन कक्षामा यो प्रविधिद्वारा प्रयोग गरिन्छ । कक्षामा पढ्ने , सिक्नेको उमेर, स्तर, वातावरण, क्षमतालाई मध्यनजर गरी प्रविधिलाई पनि सोही अनुसार बदलाउ गर्न सकिन्छ । शिक्षण प्रविधिको उदेश्य , लक्ष्य भनेकै शिक्षाविद्को ज्ञान अन्य सिकारुमा ट्रान्सफर या स्थानान्तरण गराउछु भन्ने कर्तव्य हो । यसैको सरलताका लागि प्रविधिको सहयोगबाट यसलाई निम्नानुसार प्रयोग गर्ने गरिन्छ ।

**भाषा शिक्षण**

निरज कुमार सिंहले शिक्षणलाई मुलतÒ कला हो भने । तर यो एक नैसर्गिक सहज र सरल प्रतिभाको आधिकारिक विचार र धारणा विशुद्ध तरिकाले सिक्नेमा स्थानान्तरण होस् भन्ने कला हो । कवि, कलाकार र शिक्षक जो सुकैमा पनि सिक्ने क्षमता जन्मजात हुन्छ । यो कुरा व्यवस्थापन, विज्ञान, मानविकी ,कानुन र शिक्षाका शिक्षकमा लागू हुन्छ । केही विद्वान्हरू भन्दछन् : शिक्षण विधि युक्तिको ज्ञान, प्रशिक्षण भाषाका शिक्षकका लागि त्यति आवश्यक पनि छैन भन्दछन् । तर यस्तो सबै शिक्षकमा त्यस्ता कला नहुने भएकाले आवश्यक छ । यद्यपि अरु कलामा पारङ्गत हुन प्रतिभा, अध्ययन, शिक्षण प्रयोग र अभ्यासको आवश्यक्ता पर्दछ । यसै प्रकारले भाषाका शिक्षणमा पनि यी सबै कुराको आवश्यक पर्छ ।सिकाई गर्दा शिक्षकबाट नयाँ अन्तदृष्टि प्राप्त हुन सकोस् । कक्षामा गएपछि आफ्नो प्रतिभा र दक्षताको उपयोग गर्न सकियोस् । शोध शिक्षकले शिक्षण सुधारका लागि नयाँ–नयाँ प्रयोग गर्छ । भाषा शिक्षण सम्बन्धी कठिनाई खोजबाट निरन्तर एकपछि अर्को गर्दै पत्ता लाग्दछन् । यस दिशामा आउनेवाला समस्याको वैज्ञानिक ढङ्गबाट समाधान र निष्कर्ष निकाल्न प्रयत्न गर्ने गर्दछ । The teacher who does research, who experiments to improve his teaching is dedicated to evidence he trees .

## २.३. प्रविधिको निम्नानुसार वर्गीकरण

कक्षा वा गुरुकुलमा शिक्षकले निम्न अनुसार निम्न किसिमका प्रविधिलाई कक्षा कोठा वा गुरुकुलका गद्दीहरूबाट प्रयोगमा ल्याउन सकिन्छ ।

१. पाठ्यवस्तुको व्याख्यान प्रविधि–Device of explanation
२ विवरण प्रविध –Device of description
३. स्पष्टीकरण प्रविधि–Device of exposition
४. वर्णनात्मक प्रविधि–Device of narration
५. तुलनात्मक प्रविधि– Device of comparison
६. साहित्य शिक्षणमा उपन्यास, नाटक, खण्डकाव्य, महाकाव्य र कथा कहानीको संङकथन प्रविधि – Device of story telling
७. व्याख्यात्मक प्रविधि–Device of lecturing
८. पुस्तक पठन प्रविधि– Device of reading book
९. नाटकीकरण प्रविधि –Device of dramatization
१०.प्रयोग प्रदर्शन प्रविधि – Device of demonstration
११.निरीक्षण अध्ययन प्रविधि Device of supervision superbised study
१२.प्रश्नोत्तर प्रविधि – Device of questioning
१३.विचार विमर्श प्रविधि –Device of discussion
१४.विचार गोष्ठी प्रविधि –Device of seminar
१५.दूरदर्शन प्रविधि –Device of adiovidio
१६.पुनरावृति प्रविधि –Device of ati recaptuatison
१७ समितिको कर्म प्रविधि – Device of committee work
१८.अभ्यास कार्य प्रविधि –Device of drillwork
१९.समीक्षा प्रविधि – Device of review
२०.गृहकार्य प्रविधि –Device of homework
२१.समूहमा छलफल प्रविधि – Device of grop discussion
२२.केस स्टडी प्रविधि –Device of case study
२३.ग्रुप डिस्कसन

यी उल्लेख्य प्रविधि व्यवहारिक रूपमा प्रयोग गरिदै आइएको छ तसर्थ यिनीहरूको व्याख्या र विश्लेषण गरिएको छैन यी बाहेक अन्य शब्दपत्ति, गोजी पात्रो फ्लेक्स वोर्ड आदि पनि शिक्षण सिकाईका लागि अपनाउन सकिने विधि हुन् । आधुनिक जमानानुसार प्रविधिको प्रयोग पनि नौलो र नयाँ नयाँ रुपमा परिवर्तन भइरहन्छन् ।

**क्षेत्र**

भाषा शिक्षणको क्षेत्र व्यापक र बृहद् छ । सबैको उल्लेख सानो कथनमा सम्भव हँदैन । यस लेखले भाषा शिक्षणको क्षेत्रमा क्रियात्मक शोध अधिक उपयोगी र सर्वाधिक फलदायी हुन्छ भन्छ । भाषा शिक्षण गर्दा अनेकौं समस्या आउन सक्छन् । उच्चारणमा, वर्तनी, पठनपाठन , लेखन, शब्दरचना, शब्द प्रयोग, वाक्यरचना र व्याख्या आदिको पालना गरिनु आवश्यक छ । भाषा शिक्षण गर्दा विभिन्न समस्याहरू आउँदछन् । ती समस्याको समाधान शिक्षकले वैज्ञानिक विधि र पद्दतिद्धारा उचित समाधान गरिनु पर्छ । भाषाको शिक्षण गर्दा विश्वका स्कुलसँगको परिचय र नेपाली मातृ भाषालाई ठीकसंग प्रयोग गर्न सकिएन र जानिएन भने भाषाको समुचित विकास हुन सक्दैन ।

**महत्व**

भाषा शिक्षणको शैक्षणिक सन्दर्भमा विशिष्ट महत्व छ । शिक्षा शास्त्री जान.एस.बुवेचर भन्दछन्: शिक्षाको उद्देश्यको वर्णन गर्नु नै शैक्षिक मूल्यको वर्णन गर्नु हो । To state one aims of education is at one to state his education is at one to state his educational values . ।(जान.एस. ब्रुवेचर : ५५७ ) कुल मिलाएर शिक्षणले शैक्षिक मूल्य शिक्षामा उपयोगिता(utility) अभिप्राय(purpose) तथा उपयोगिता(usefulness) को निरुपण गर्दछ । भाषा शिक्षणबाट शिक्षाको उक्त मूल्यको सुरक्षा हुन्छ । अगाडि यी कुरा आउंछन् कि विद्यार्थीको जीवनमा मातृभाषा, राष्ट्रभाषा र विदेशी भाषाहरूको अक्षुण महत्व छ । यी सबै भाषाको जानकारीका लागि यिनले शैक्षणिक पाठ्यक्रममा राख्नु आवश्यक छ । तब मात्र विद्यार्थीको बोध हुन सक्तछ । शैक्षणिक पाठ्यक्रममा अन्तर प्रान्तीय भाषाहरू पढाइने त्रिभाषा सूत्रको नियमहरू पालन गर्नाले बहुत समयपछि भाषिक वैमनस्यको क्षेत्र तिर जान सकिन्छ ।

**भाषा**

भाषा अभिव्यक्तिको माध्यम हो । यसको शिक्षण एक जटिल प्रक्रिया हो । शब्द सम्झनु , अर्थको बोध र भावबोध हुनु दुबैको ठूलो महत्व छ ।यस शब्दको प्रयोगमा उपयुक्त कुन हो भन्नेमा ध्यान दिनु अनिवार्य छ । अन्यथा अर्थको अनर्थ हुन सक्तछ भन्ने भय सदैव भइरहन्छ । अतः भाषा सिक्ने र सिकाउने छात्र र अध्यापक दुबैमा सजक र सावधान हुनु पर्दछ । भाषा ठिकसंग सम्झिने र सम्झाउनका लागि शिक्षण विधि र शिक्षण प्रविधिको ज्ञान हुनु आवश्यक छ । एक भाषाबाट अर्को भाषामा ठ्याक्कै अनुवाद हुन सक्तैन । भावानुवाद पनि त्यही जस्तैजस्तै मात्र हुन्छ । जस्तो गाई, गौ यसको प्रयोग कतै मासु खाने जनावर कतै पूजा गर्ने जनावर । यसकारण शब्दबोध हुनु र अर्थ भाव बोध हुनु फरक हो ।

**गुरु कस्तालाई भनिन्छ ?**

गुरु असल मातापिताबाट पैदा भएको हुनु पर्दछ । सदाचारी होओस । शुद्ध र पवित्र भावना भएको होस् । दशै इन्द्रिय, मन,बुद्धि,अहंकारहरू वंशमा

राखोस, सबै किसिमका पुस्तक,पुस्तिका,ग्रन्थ, शास्त्र,पत्रपत्रिका,जर्नल र गुगल आदि खोज गर्ने, ती पढेर र तिनका सारतत्वलाई जानेको होस् । परोपकारी होस्, जातपात भूगोलभन्दा माथि उठेर उचाइँ हासिल गरेको होस् । कर्तव्य पालन र अनुशासन मबाट पालन हुँदैन कि भनेर आफ्नो परिवेश र समाजसंग सधै डरावस । जप,पूजा, उपासना,योग ध्यान आदिमा संलग्न हुँदै रहोस । उसका वांणीहरू ''वाबा वाक्यम् प्रमाणम''ुका रुपमा अकाट्य हुन् । वचनको पक्का होस् । वेद वेदाङ्गको अर्थ लाउने बुझ्ने र बुझाउने पारदर्शी होस् । योगमार्गबाट भौतिक र मानसिक रुपमा स्वस्थ्य होस् , जसका हृदयमा राक्षस,दैंत्य,दानव भावलाई दमित वा जितेर हृदयमा देवता बसेका छन् भन्ने लागोस् ।समान भावना विचार भएको होस । अरुलाई बुझाउन सूत्र बुँदाद्वारा सकोस् । बृहत र विहङ्गगम ज्ञानको भण्डारलाई शिक्षार्थीमा आस्वादन गराउन सकोस् ।यस्तो गुण र स्वभाव जसमा छ , त्यो मात्र शिक्षक, प्राध्यापक र गुरु हुन सक्छ । यस्ता गुरुले मात्र आफ्ना विद्यार्थी र शिष्यको हित गर्न सक्छन् । अरु बाँकी श्रीमती छोराछोरी र आफ्नो भौतिक पेट पाल्ने , हाजिर भएपछि जागीर पाक्यो भन्नेहरू यस्ता जागीरेमात्र हुन् । यस्ता गुरु बिद्यार्थीका हुन सक्दैनन् ,न समाजका लागि विज्ञ नै ठहर्छन् । (शारदा तिलक)

## ३. निष्कर्ष

भाषाको शिक्षण गर्दा विद्यार्थीलाई आफुतिर आकर्षण गरी शिक्षकले के भन्नेरहेछन् भन्ने ध्यानाकर्षण गरिनु पर्छ । त्यसपछि नयाँ नयाँ प्रविधि लिएर विद्यार्थी सामु उपस्थित हुनु पर्छ । भाषाको शिक्षणका लागि प्रविधिको प्रयोग व्याख्या, स्पष्टीकरण , वर्णनात्मक, विवरणात्मक तालिका वृक्षरेखाको मद्दतद्वारा ख्याख्या , विवेचना, विश्लेषण गरिनु उपयुक्त हुन्छ । बीच–बीचमा प्रश्नोत्तर , पुस्तक पठन, वर्ण, अक्षर, शब्द, पद, पदावलीको उच्चारण गराउँदा शिक्षण सिकाई प्रभावकारी हुन्छ । कक्षा सञ्चालन र पाठको व्याख्या गरिरहेको अवस्थामा आफुले भनेका नयाँ–नयाँ कुरा विद्यार्थीसम्म पुग्यो पुगेन ग्रहण गर्न सके नसकेको पत्ता लगाउदै पुनरावृत्ति गरिनु पर्छ । उदारहणद्वारा बढी स्पष्ट हुने भएकोले बीच–बीचमा पाठलाई खलल नपुग्ने गरी विद्यार्थीले सम्झन सक्ने गरी अनेकौं उदाहरण प्रस्तुत गर्नु पर्छ । यसमा आफु र कक्षाको स्तर निरीक्षण गरी पर्यावरण आदिप्रति ध्यान राखेर यसै आधारमा उत्तम र उपयुक्त प्रविधिको प्रयोग गर्नु राम्रो हुन्छ । यस्तो गरिएन भने शिक्षण असफल हुने कार्य हो । यसको जटिलता उत्तम शिक्षणबाट हल हुन सक्दछ । उत्तम शिक्षणका लागि सही र उपयुक्त शिक्षण प्रविधिको चयन एवंम उत्तरदायित्वको आवश्यकक्ताको बोध जरुरी छ ।

शिक्षण प्रक्रियामा भाषाको विशेष महत्व छ । भाषाको ठीकसंग ज्ञान भएन भने प्रस्तुतीकरण ठीक नहुन सक्दछ । शिक्षणको भाषा सरल, स्पष्ट र बोधगम्य हुनु पर्दछ । यसबाट भाषा शिक्षण प्रभावकारी हुन्छ । यसका लागि सर्वप्रथम वर्ण, अक्षर , संयुक्ताक्षर , शव्द,वाक्य, रचनाको अध्ययन क्रमबद्ध तरिकाबाट गरिनु उत्तम हुन्छ । प्राचीन मान्यताले भन्छ शुद्ध र सही भाषाको ज्ञान व्याकरण शिक्षणबाट मात्र सम्भव हुन्छ । व्याकरणले भाषालाई शुद्ध बनाउँछ , परिमार्जित गर्छ नयाँ शब्द निर्माण गर्न पद्दत गर्छ जसको आवश्यक्ता शिक्षणमा अनिवार्य भएको हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

पाण्डे कैलाशनाथ(२००६), भाषविज्ञानका रसायन, गाजीपुर, गाजीपुर साहित्य संसद नवकापुरा, लङ्का ।

पाठक मनोदत्त(२०११), वैदिक ज्ञानविज्ञान कोश आधुनिक परिप्रेक्ष्य मे, दिल्ली, राजपाल एण्ड सन्ज कास्मीरी गेट ।

तिवारी, नरेश प्रसाद (२००६) , भारतीय दर्शन एवं पाश्चात्य दर्शन, दिल्ली, मोतीलाल, वनारसीदास ।

वाग्ले, पौडेल,मनप्रसाद र लेखनाथ,(सं२०६०), पाठ्यक्रम र मूल्याङ्कन, काठमाण्डौं, भोटाहिटी, विद्यार्थी भण्डार ।

रमेन्द्र (२००६) धर्मदर्शन, सामान्य एवम् तुलनात्मक, वाराणसी, मोतीलाल वनारसीदास ।

हिन्दूराष्ट्र नेपाल : ३ त्रिपाठी, रामेश्वर प्रसाद(२०१४), मन्त्रसागर, वाराणसी ज्योतिष प्रकाशन,चौक ।

जनसन हेरी.एम.अनु.योगेश पटल(सं २०११) समाजशास्त्र एक विधिवत् विवेचना, दिल्ली कल्याणी पब्लिकेशन ।

काल्याण : सौरभाद्रपद, वि.सं.(२०६२) श्रीकृष्ण सं ५२३१ अगस्त २००५ ई.पू.भाग ८९,पृ.८११

चाणक्य नीति दर्पण,( १९८६),अं१२ श्लोक १४, पृ.८०, वाराणसी ,कृष्णदास, अकादमी ।